Symbol No. ....................

RE - 1051'BP'

# SEE 2082 (2026)
# अनिवार्य सामाजिक अध्ययन

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

***दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :***

## समूह 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :** **(११×१=११)**

१. नेपालको राष्ट्रिय गौरव झल्काउने कुनै दुई सम्पदाको नाम लेख्नुहोस् ।

२. सङ्घीय शासन व्यवस्थाको कुनै एक चुनौती लेख्नुहोस् ।

३. छाउपडी प्रथा भनेको के हो ?

४. मानौं तपाईंको साथीलाई एकजना आफन्तले घरेलु हिंसा गर्दा रहेछन् । यो कुरा थाहा पाएपछि तपाईंले साथीलाई के सल्लाह दिनुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

५. प्रथम विश्व युद्धताका नेपालको प्रधानमन्त्री को थिए ?

६. दोस्रो विश्वयुद्धले विश्वव्यापी आर्थिक सङ्कट कसरी निम्त्यायो ? एक वाक्यमा लेख्नुहोस् ।

७. प्रत्यक्ष करको एक विशेषता लेख्नुहोस् ।

८. तपाईंले खुत्रुकेमा जम्मा गरेको पैसा वैङ्कमा जम्मा गर्नु परेमा वचत र चल्ती खातामध्ये कुन खातामा जम्मा गर्नुहुन्छ, किन ?

९. संयुक्त राष्ट्र सङ्घको प्रधान कार्यालय कहाँ छ ?

१०. विश्वव्यापीकरणवाट नेपालले कसरी फाइदा लिन सक्छ ? एक वाक्यमा लेख्नुहोस् ।

११. गुणस्तरीय जीवन कायम गर्न तपाईंको परिवारमा गरेको एउटा अभ्यासको उदाहरण दिनुहोस् ।

## समूह 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** **(९×४=३६)**

१२. व्यक्तिका लागि सामाजिकीकरणको प्रक्रिया किन महत्त्वपूर्ण छ ? चार बुँदामा प्रष्ट पार्नुहोस् ।

१३. दिगो विकासको अवधारणाअनुसार विकास कार्य गर्दा ध्यान दिनुपर्ने कुरा चार बुँदामा लेख्नुहोस् ।

१४. सम्पदा संरक्षणका लागि स्थानीय सरकारले के कस्ता कार्यहरू गर्नुपर्छ भन्ने कुरा उल्लेख गरी स्थानीय सरकारलाई पत्र लेख्नुहोस् ।

१५. के मलाला युसुफजाई साँच्चिकै प्रेरणादायी व्यक्तित्त्व हुन् ? तर्कसहित आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

अथवा

लोकगीतमा मौलिकता जोगाउन युवाहरूको भूमिका कस्तो हुनुपर्छ ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

CamScanner

१६. मानव वेचविखन अन्त्य गर्न कानुन वनाएर मात्र पुग्दैन । यसका लागि अरु के के गर्नुपर्छ ? सुझाव प्रस्तुत गर्नुहोस् ।

१७. नेपालमा राजनीतिक दल दर्तासम्वन्धी व्यवस्था उल्लेख गर्नुहोस् ।

१८. नेपालमा आउन सक्ने कुनै चारओटा प्राकृतिक विपत्को सूची वनाई तिनीहरूवाट सुरक्षित रहने एक एकओटा उपाय लेख्नुहोस् ।

१९. समसामयिक घटनावारे जानकार हुनुपर्छ भन्ने विषयमा दुई साथीविचको संवाद तयार पार्नुहोस् ।

२०. नेपालमा भौगोलिक रूपमा जनसङ्ख्या वितरण समान रहेको पाइँदैन, यसका चार कारण बुँदागत रूपमा लेख्नुहोस् ।

## समूह 'ग'

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** (४×७=२८)

२१. उपभोक्ता अधिकार भनेको के हो ? उपभोक्ता अधिकार संरक्षणका लागि एक सचेत उपभोक्ताको भूमिका कस्तो हुनुपर्छ ? छ वुँदामा उल्लेख गर्नुहोस् । (१+६=७)

२२. पृष्ठभरिको नेपालको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) जुट उत्पादन क्षेत्र
(ख) नारायणी नदी
(ग) नेपालगन्ज
(घ) सैपाल हिमाल

अथवा

पृष्ठभरिको दक्षिण अमेरिका महादेशको नक्सा कोरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केत प्रयोग गरेर भर्नुहोस् ।

(क) एन्डिज पर्वत
(ख) टिटिकाका ताल
(ग) उरुग्वे
(घ) अमेजन नदी

**दृष्टिविहीनका लागि मात्र**

| |
|---|
| भूकम्पवाट आफ्नो परिवारमा धनजनको क्षति हुन नदिन तपाईं के के उपाय अपनाउनुहुन्छ ? कुनै सात उपाय लेख्नुहोस् । |

२३. पञ्चायती व्यवस्था उदयको पृष्ठभूमि लेखी यसको पतनका कारणहरू उल्लेख गर्नुहोस् ।

२४. नेपालमा पर्यटनको महत्त्व र प्रवर्धन गर्ने उपाय समेटी साथीलाई पठाउने इमेलको नमुना तयार पार्नुहोस् ।

-ꣻ-

CamScanner